# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

प.सं.: २०८०/०८१ बागमती प्रदेश, नेपाल ।

च.नं. : ३९२६

मितिः २०८१/०२/२७

ने.स. ११४४, तछलाथ्व ३ आइतबार

विषयः निर्णय कार्यन्वयन गर्ने सम्बन्धमा ।

श्री मनहरी गाउँपालिका

शाखा/ उपशाखा पमुखज्यूहरु

वडा कार्यालय/ वडा सचिवहरु

प्रस्तुत विषयमा २०८१ साल जेष्ठ २० गते आइतबार विहान बसेको आ व २०८०/०८१ को स्रोह्रौं गाउँ कार्यपालिका बैठकको निर्णय पाना ५ (पाँच) यसैसाथ संलग्न छ । सो निर्णानुसार तहाँसंग सम्बन्धित निर्णयहरु हेरि समयमै आवश्यक कार्यान्वयन गर्नु/ गराउनु हुन अनुरोध छ ।

........................

(रमेश सुवेदी)

प्रमुख प्रशासकीय अधिकृत

मनहरी गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

मिति:- २०८१/०२/२० बैठक संख्या:- २०८०/८१-१६ समय: विहान ११ बजे

अध्यक्षता गाउँपालिका अध्यक्ष श्री रन्जन कालाखेती

स्थान: लामिटार भवन

**उपस्थिति**

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाख्रिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री रमेश सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित/बैठक सहयोगी

श्री राजेन्द्र भट्टराई वरिष्ठ लेखा अधिकृत

श्री अन्जना सुवेदी प्रशासन शाखा प्रमुख

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

रन्जन कालाखेती
अध्यक्ष

मिति २०८१/०२/२० गते बसेको सोह्रौ गाउँकार्यपालिका बैठकको निर्णयहरु

रमेश सुवेदी
प्रमुख प्रशासकिय अधिकृत

१. समीक्षा सम्बन्धमा
२. आयोजना फरफारक सम्बन्धमा
३. कानून स्वीकृत सम्बन्धमा (मनहरी गाउँपालिकाको आयोजना/कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० को पहिलो संशोधन, अनुदान, राहत, आर्थिक सहायता व्यवस्थापन कार्यविधि, २०८१, सहकारी नियमावली, २०८१, अन्तर सरकार समन्वय, सहकार्य र साझेदारी सम्बन्धी कार्यविधि, २०८१, आन्तरिक नियन्त्रण प्रणाली, २०८१, आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने नियमावली, २०८१, मनहरी गाउँपालिकाको स्वास्थ्य बिमा समिति गठन तथा संचालन सम्बन्धी कार्यविधि, २०८१)
४. वडा भेला, सभा तयारी सम्बन्धमा
५. मनहरी अस्पताल र आधारभुत स्वास्थ्य केन्द्र सापटी खर्च सम्बन्धमा ।
६. राहत/ अनुदान सम्बन्धमा ।
७. ठेक्का म्याद थप सम्बन्धमा ।
८. जि. स. स. बाट प्राप्त पत्र सम्बन्धमा ।
९. मनहरी गाउँपालिकाको दोस्रो आवधिक योजना सम्बन्धमा ।
१०. योजनाको शिर्षक परिवर्तन सम्बन्धमा ।
११. गरिबसंग विशेश्वर छात्रवृती कार्यक्रम सम्बन्धमा ।
१२. भेरियशन आदेश स्वीकृत सम्बन्धमा ।
१३. गाउँपालिका जग्गाको सोधभर्ना सम्बन्धमा ।
१४. भू- उपयोग योजना कार्यान्वयन सम्बन्धमा ।
१५. वार्षिक नीति तथा कार्यक्रम मस्यौदा तर्जुमा सम्बन्धमा ।
१६. विपद् हावाहुरी सम्बन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा विगतमा गाउँपालिकाबाट भएका अधिकाशं निर्णयहरु कार्यान्वयन भईसकेको र केही निर्णयहरु कार्यान्वयनको लागि सम्बन्धित शाखा/वडा कार्यालयलाई निर्देशन दिने निर्णय गर्दै प्रगति तथा उपलब्धिको समिक्षा गरियो ।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस चालु आ.व. ०८०/०८१ मा बिनियोजित सार्वजनिक निर्माण लगायत अन्य बजेट कार्यान्वयनको अबस्थाको स्थलगत रुपमा अनुमन गरी योजना पिच्छे छुट्टा छुट्टै तयार भएको अनुगमन प्रतिवेदनको आधारमा अनुगमन तथा सुपरीवेक्षण समितिको विभिन्न



मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष

गणेश सुवेदी
प्रमुख प्रशासकिय अधिकृत

मितिमा सपन्न बैठकबाट कार्यालयलाई भुक्तानीको लागि गरिएको सिफारिस बमोजिम भएका अनुसूची- १ बमोजिमका योजनाको भुक्तानी सम्बन्धी कार्य सदर सहित फरफारका गरी अनुमोदन गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा मनहरी गाउँपालिकाका तपसिल बमोजिमका कार्यविधि, निर्देशिका, तथा नियमावली स्वीकृत गरी राजपत्र प्रकाशनको लागि गाउकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

क) मनहरी गाउँपालिकाको कृषि तथा पशु पंक्षि सेवा संचालन कार्यविधि, २०८१

ख) मनहरी गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८१

ग) मनहरी गाउपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने नियमावली, २०८१

घ) मनहरी गाउपालिकाको अन्तर सरकार समन्वय, सहकार्य र साझेदारी सम्बन्धी कार्यविधि, २०८१

ङ) मनहरी गाउँपालिकाको आयोजना/कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० को पहिलो संशोधन ।

च) मनहरी गाउपालिकाको सहकारी नियमावली, २०८०

छ) मनहरी गाउपालिकाको स्वास्थ्य बिमा संयोजन समिति गठन तथा संचालन सम्बन्धी कार्यविधि, २०८१

ज) मनहरी गाउँपालिकाको अनुदान, राहत, तथा आर्थिक सहायता व्यवस्थापन कार्यविधि, २०८१

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ. व. ०८१/८२ को लागि नीति, कार्यक्रमतथा बजेट तर्जुमाको लागि बस्ती तथा वडा स्तरको भेला सम्पन्न गरी वडा समितिबाट प्राथमिकता निर्धारण गरी २०८१/०३/०२ गते भित्र गाउँपालिकामा पेश गर्नको लागि सबै वडा कार्यालयलाई निर्देशन दिईयो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको वडा नं. १,२,५,९ मा आभारभुत स्वास्थ्य चौकी भवन निर्माणमा गाउँपालिकाको पूजिंगत शिर्षकहरु परामर्श खर्च शिर्षक बाट (राजश्व बाडँफाडँ, संघीय सरकार, नगद) २६,९५,०००/- र अन्य सार्वजनिक निर्माण शिर्षक (नेपाल सरकार, नगद अनुदान) बाट रु १२,९१,७८५/- र स्वास्थ्य चौकी भवन निर्माण मनहरी -८ को लागि परामर्श खर्च शिर्षकबाट (राजश्व बाडँफाड, संघीय सरकार नगद) रु ७,९०,२९३/- गरी जम्मा खर्च भएको रकम रु ४७,७७,०७८/- ( सत्तचालिस लाख सतहत्तर हजार अठहत्तर) स्वास्थ्य मन्त्रालयबाट हालसम्म पनि प्राप्त नभएको र गाउँपालिका श्रोतबाट सापटीको रुपमा खर्च गरिएकोमा, सापटी लगिएको शिर्षकमा भुक्तानीको लागि माग भई आईसकेको हुदाँ यस पूर्व



मनहरी गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेटौंडा,मकवानपुर
बागमती प्रदेश,नेपाल

रन्जन कालाखेती
अध्यक्ष

सापटीको रुपमा खर्च लेखिएको शिर्षकहरुमा उक्त रकम फिर्ता गरि आधारभुत स्वास्थ्य चौकी भवन निर्माणमा गरिएको खर्च वचत हुने अन्य जुनसुकै शिर्षकबाट खर्च लेख्ने निर्णय गरियो र सोही अनुसार गर्न कार्यालयलाई निर्देशन दिईयो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा गाउँपालिकासंग विभिन्न निकाय/संघ/स्स्था तथा व्यक्तिबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहयोग तथा तत्काल नगरी नहुने योजना माग भई आएकोमा अनुसुची –२ बमोजिम तोकिएको शिर्षकबाट रकम उपलब्ध गराउने गरी आर्थिक सहायता/ योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा निर्माण कार्यका ठेक्काहरु निर्माण सामाग्रीको उपलब्धतामा कठिनाई, प्रतिकुल मौसम विविध कारणले समय सिमा भित्र कार्य सम्पन्न हुन नसकेकाले उक्त योजनाहरुको कुनै जरिवाना नगराई अनुसूची -३ बमोजिम म्याद थप गरी तिव्र कार्य समाप्तीका निम्ती निर्देशन दिने निर्णय गरीयो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा जिल्ला समन्वय समितिको मिति २०८१/०२/१४ को प्राप्त पत्रको बारेमा छलफल भयो । मनहररी खोलाको राजमार्ग पुलभन्दा ५०० मिटर माथि देखी मनहरी गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने बगर क्षेत्रमा ४ वटा प्याकेजमा मिति २०८०/११/३० को कार्यपालिका बैठकबाट स्वीकृत गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार २,८६,७०७.८४ घ.मी. उत्खनन् गर्न सकिने व्यवस्था भएकोमा प्याकेज नं. २ मा स्वीकृत ६८,६२२.७७ घ.मी. उत्खनन् गर्न बाकीं रहेकाले राजश्व आम्दानी, प्रक्षेपण अनुसार नउठी आयोजना कार्यान्वयनमा कठिनाई भएकाले मनहरी खोलाबाट २०८१ जेष्ठ मसान्त सम्म बाँकी परिमाण दुई वटा मेसिन प्रयोग गरि यस अगाडीको कार्यपालिका बैठकको निर्णय अनुसारको विधिबाट उत्खनन् गर्न जिल्ला समन्वय समितिलाई आवश्यक समन्वय, सहजिकरणको लागि अनुरोध गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा मनहरि गाउँपालिकाको दोस्रो आवधिक योजना २०८१/०८२-०८५/०८६ सम्को दीर्घकालीन सोच, समिष्टिगत लक्ष्य, उद्देश्य र विषय क्षेत्रगत बृहत उद्देश्यहरु तथा प्राथमिकता र रणनीतिहरु अनुसूची-४ बमोजिम स्वीकृत गरियो र सोही अनुसार आवधिक योजना तर्जुमा गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा मनहरी गाउँपालिकाको आ.व. ०८०/८१ को स्विकृत विभिन्न वडागत/ शाखागत योजनाहरु/कार्यक्रमहरु विविध कारणले कार्यान्वयन गर्न कठिनाई रहेको व्यहोरा सहित सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र प्राप्त हुन आएको हुदाँ अनुसूची-५ बमोजिमका योजनाहरुको शिर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकिय अधिकृत

११. प्रस्ताव न. ११ माथि छलफल गर्दा मनहरी गाउँपालिका क्षेत्र भित्र स्थायी बसोबास भई गरिवीको कारणले आफ्नो अध्ययन पुरा गर्न कठिनाई भोगि रहेका छात्राछात्रहरुलाई आफ्नो अध्ययन पुरा गराउन सहयोग गर्न सम्बन्धित वडा कार्यालयहरुबाट सिफारिस भई आएकोले शैक्षिक संस्थामा अध्ययनरत छात्राछात्रहरुलाई अनुसूची-६ बमोजिमको रकम विपन्न बालबालिका **गरिब सँग विशेश्वर शैक्षिक सहायता कोष** बाट शैक्षिक सहायता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको निर्माणाधिन च्यापल खोला पुल, मसिने खोला पुल र ट्वाङ्ग्रा खोला पुलमा ग्याविन वाल निर्माण, अप्रोच रोड, कङक्रिट कार्य थप गर्नको लागि अनुसूची-७ बमोजिमको भेरिएशन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा मनहरी गाउँपालिका, मनहरी गाउँपालिका, मकवानपुरलाई मनहरी गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि राष्ट्रिय वनको ०.२ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृत दिने गरी नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८०/१२/२२ गते बसेको वैठकवाट निर्णय भएकाले वन ऐन, २०७६ को दफा ४२ को उपदफा २ को प्रयोजनका लागि ९ नं. वडा रजैयाको हरियाली सामुदायिक वन वा मनहरी गाउँपालिका क्षेत्र भित्रका अन्य सामुदायिक वन क्षेत्रसँग जोडिएको र प्रयोग गर्न स्वीकृत प्राप्त जग्गा संगको समान भौगोलिक र परिस्थितिकीय क्षेत्रमा पर्ने तथा वन विकास गर्न सकिने भू-बनौट भएको जग्गा सरकारी मुल्याङ्कन अनुसार प्रचलित कानुन बमोजिम सोधभर्नाका लागि खरिद गर्नुपर्ने भएकाले १५ दिन भित्र मनहरी गाउँपालिकाको खरिद ब्यवस्थापन शाखामा आफ्नो जग्गाको प्रमाणित नक्सा, लालपुर्जा, तिरो तिरेको रसिद तथा नागरिकताको प्रतिलिपि सहित मिति २०८१/०२/०३ गते सूचना प्रकाशन गरि निवेदन माग गरिएकोमा कुनै पनि जग्गा विक्रेताहरुले जग्गा विक्रीका लागि निवेदन पेश नगरेकाले नियमानुसार लाग्ने राजश्व उक्त शिर्णकमा विनियोजित रकमवाट दाखिला गर्ने गरी प्रकृया अगाडि वढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा भू- उपयोग ऐन र नियमावली बमोजिम मनहरी गाउँपालिकाको जग्गा वर्गिकरणको लागि यस क्षेत्र भित्र रहेका सडकहरुको क्षेत्र निर्धारण गर्नुपर्ने भएकाले हालसम्म भएका र थप सडक समेतको दायाँ बायाँको क्षेत्र देहाय बमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

क) तपसिल मापदण्ड अनुसारका क्षेत्रलाई आवासीय क्षेत्रमा बर्गिकरण गर्ने

१) मुख्य राजमार्ग अन्तर्गत महेन्द्र राजमार्ग (पुर्व- पश्चिम राजमार्ग) भएर गएको सडकको दायाँ बायाँ १००-१०० मिटरको क्षेत्र

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकिय अधिकृत

२) १५ मि. भन्दा बढी चौडाई भएका सडकको दायाँ बायाँ ८०-८० मिटरको क्षेत्र

३) १२ मि. देखी १५ मि. सम्म चौडाई भएका सडकको दायाँ/बायाँ ७०-७० मिटरको क्षेत्र

४) १० मि. देखी १२ मि. सम्म बढी चौडाई भएका सडकको दायाँ/बायाँ ६०-६० मिटरको क्षेत्र

५) ६ मि. देखी १० मि. सम्म चौडाई भएका सडकको दायाँ/बायाँ ५५-५५ मिटरको क्षेत्र

६) ४ मि. देखी ६ मि. सम्म चौडाई भएका सडकको दायाँ/बायाँ ४५-४५ मिटरको क्षेत्र

७) ४ मि. भन्दा कम चौडाई भएका सडकको दायाँ/बायाँ ३५-३५ मिटरको क्षेत्र

ख) यदि कुनै कित्ता दुई वा दुई भन्दा धेरै क्षेत्रमा परेको खण्डमा सो कित्ताको क्षेत्रफल जुन क्षेत्रमा धेरै हुन आउछ सोही क्षेत्रमा वर्गिकरण गर्ने,

ग) राजपत्रमा प्रकाशित गर्नु भन्दा अगाडी यदि केही संशोधन गर्नु परेमा भु उपयोग परिषद्को बैठक बसी निर्णय गर्न सक्नेछ ।

घ) छुटेका र पछि खुलाउने सडकको हकमा बुदाँ नं. (क) लागु हुनेछ ।

ङ) मनहरी खोलादेखी प्रहरी चौकी सम्म, लोथर बजार क्षेत्र, भुलचोक, मनहरी खोला देखी ज्यामिरे कालिका सामुदायिक वन कार्यालय सम्म (पुर्व तर्फ), रजैया चोक देखी खरङ्ग सम्मको क्षेत्रलाई व्यापारिक क्षेत्र तोकिने छ ।

१५. प्रस्ताव नं. १५ माथि छलफल गर्दा आगामी आ.व. ०८१/०८२ को लागि बार्षिक नीति तथा कार्यक्रमको मस्यौदा तर्जुमा गरी कार्यपालिकामा सिफारिस गर्नको लागि तपसिल अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

क) गाउँपालिका अध्यक्ष — संयोजक

ख) गाउँपालिका उपाध्यक्ष — सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

घ) विषयगत समितिको संयोजक सबै — सदस्य

ङ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

च) योजना शाखा प्रमुख — सदस्य सचिब

१६. मनहरी गाउँपालिका क्षेत्रभित्र हावाहुरीले पुर्याएको क्षतिको मूल्यांकन गरी मुचुल्का सहित गाउँपालिकामा पेश गर्न सम्बन्धित वडाको वडा अध्यक्षलाई जिम्मेवारी दिने निर्णय गरियो

उपरोक्त निर्णयहरु सर्वसम्मतिबाट पारित गरियो ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कोलाखेती
अध्यक्ष